# नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५
## (पहिलो संशोधन, २०७४ समेत मिलाइएको रुपमा)

| **संशोधन** | **लागु भएको मिति** |
|---|---|
| नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका (प्रथम संशोधन, २०७४) | २०७४/११/१५ |

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १११ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको संचालक समितिले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।*

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "निर्देशिका" भन्नाले नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ सम्झनु पर्छ ।

(ग) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ र सो शब्दले ऐनको दफा २७ बमोजिमको कायम मुकायम गभर्नर समेतलाई जनाउनेछ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "केन्द्रीय कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले गभर्नरले केन्द्रीय कार्यालय अन्तर्गत रहने गरी समय समयमा तोकिदिएका विभाग सम्झनु पर्छ ।

(ज) "कार्यालय" भन्नाले केन्द्रीय कार्यालय र सो अन्तर्गत स्थापना भएका सम्पूर्ण विभाग वा कार्यालय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ६ को उपदफा (१) र (२) वमोजिम गठन भएको मूल्याङ्कन तथा लिलाम समिति सम्झनु पर्छ ।

(ञ) "विभागीय प्रमुख" भन्नाले विभागीय प्रमुखको रुपमा काम काज गर्ने गरी बैंकबाट तोकिएका अधिकृत स्तर प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ट) "कार्यालय प्रमुख" भन्नाले कार्यालय प्रमुखको रुपमा काम काज गर्ने गरी बैंकबाट तोकिएका अधिकृत कर्मचारी सम्झनु पर्छ ।

---

सञ्चालक समितिको वैठक संख्या ५६/२०७४ बाट निर्णय ।

* संचालक समितिको मिति २०६५।४।२१ गतेको १०३५ औं बैठकद्वारा पारित भई प्रारम्भ भएको ।

(ठ) “लिलाम” भन्नाले बैंकको स्वामित्वमा रहेका पुराना, टुटफुट भएका वा प्रयोगमा आउन नसक्ने भनी निर्णय गरेका वा आवश्यक नभएका सामानहरुको डांक बढाबढ वा बोलपत्रको माध्यमबाट बिक्री गर्ने कार्य सम्झनु पर्छ ।

(ड) “सामान” भन्नाले चल र अचल सबै किसिमका सामान सम्झनु पर्छ ।

३. **<u>लिलामको लागि सामान छनौट गर्ने विधि:</u>** सम्बन्धित प्रयोगकर्ता वा विभाग वा कार्यालयले उक्त सामान कार्यालय प्रयोजनको लागि काम नलाग्ने भनी छुट्याइएका र मूल्याङ्कन तथा लिलाम समितिले मर्मत गरेर पनि प्रयोग गर्न उपयुक्त नहुने ठहर्‍याएका सामान लिलाम गर्न छानिने छन् ।

✎(क) सम्बन्धित प्रयोगकर्ता वा विभाग वा कार्यालयले उक्त सामान कार्यालय प्रयोजनको लागि काम नलाग्ने भनी छुट्याइएका, मर्मत गरी प्रयोगमा ल्याउदा मर्मत खर्च अत्याधिक हुने, बिग्रिरहने कारणले प्रयोग गर्न उपयुक्त नहुने, चलन चल्तीमा नरहेका र मूल्याङ्कन तथा लिलाम समितिले मर्मत गरेर पनि प्रयोग गर्न उपयुक्त नहुने ठहर्‍याएका सामान लिलाम गर्न छानिने छन् ।

✎(ख) दफा ३(क) मा जुनसुकै व्यवस्था भएपनि पुर्णरुपमा ह्रास कट्टी भएका सम्पत्ति तथा सामान मात्र लिलाम बिक्रीको लागि छनोट गर्नुपर्नेछ ।

४. **<u>भौतिक परीक्षण गर्ने:</u>** (१) कार्यालयहरुले आर्थिक वर्ष समाप्त हुनु अगावै अनुसूची १(क), १(ख) र १(ग) मा उल्लेखित फाराम भरी सबै सामानहरुको भौतिक परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भौतिक परिक्षण गर्दा सम्पत्तिको वर्गीकरण लेखा निर्देशिकामा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ । साथै भौतिक परीक्षण गरी काम लाग्ने र काम नलाग्ने सामानहरु छुट्याउनु पर्नेछ ।

(३) केन्द्रीय कार्यालय र मातहतमा रहेका विभाग तथा कार्यालयले आफ्नो छुट्टै सम्पत्ति रजिष्टर राख्नु पर्नेछ । प्रत्येक कर्मचारीले प्रयोग गरिरहेको सामानको कर्मचारीले बुझिलिएको र बुझाएको स्पष्ट हुने गरी सामानगत रुपमा सम्पत्ति रजिष्टर राख्नु पर्नेछ ।

५. **<u>तालिका तयार पार्ने:</u>** विभाग/कार्यालयले लिलाम गर्न उपयुक्त भनि भौतिक परीक्षण गर्दा ठहर भएका सामान सम्बन्धित जिन्सी लेखा राख्ने विभाग/कार्यालय र केन्द्रीय कार्यालय अन्तर्गतका विभाग/महाशाखाको हकमा सामान्य सेवा विभागले मूल्याङ्कन तथा लिलाम समिति समक्ष पेश गर्ने गरी सामानको विवरण परिमाण, परलमोल, बाँकि मोल लिलाम गर्नु पर्नाको विस्तृत कारण सहितको विवरण उल्लेख गर्नु पर्नेछ ।

---

✎ पहिलो संशोधनद्वारा थप गरिएको ।

६. **मूल्याङ्कन तथा लिलाम समितिको गठन:** (१) यस निर्देशिका वमोजिम लिलामको लागि तयार गरिएको सामानको विवरण अध्ययन, निरीक्षण, मूल्याङ्कन तथा लिलाम गर्न केन्द्रीय कार्यालयमा देहायका सदस्यहरु भएको एउटा मूल्याङ्कन तथा लिलाम समिति गठन हुनेछ:–

(क) सामान्य सेवा विभागको निर्देशक – संयोजक
(ख) वित्त व्यवस्थापन विभागको अधिकृतस्तरको प्रतिनिधि – सदस्य
(ग) संस्थागत योजना विभागको अधिकृत स्तरको प्रतिनिधि – सदस्य
(घ) अनुसन्धान विभाग, मूल्य महाशाखाको अधिकृत स्तरको प्रतिनिधि – सदस्य
(ङ) सामान्य सेवा विभागको स्टोर हेर्ने अधिकृत – सदस्य सचिव

☛(२) केन्द्रीय कार्यालय बाहेकका अन्य विभाग/कार्यालयहरुमा यस निर्देशिका बमोजिम लिलामको लागि तयार गरिएको सामानको विवरण अध्ययन, निरीक्षण, मूल्याङ्कन तथा लिलाम गर्न देहायका सदस्यहरु भएको छुट्टै मूल्याङ्कन तथा लिलाम समिति गठन हुनेछ ।

(क) स्टोर फांट हेर्ने द्वितीय श्रेणी अधिकृत - संयोजक
(ख) कार्यालय प्रमुखले तोकेको तृतीय श्रेणीको अधिकृत - सदस्य
(ग) स्टोर फांट हेर्ने तृतीय श्रेणीको अधिकृत - सदस्य सचिव

☛(३) उपदफा (१) र (२) बमोजिम गठन भएको मूल्याङ्कन तथा लिलाम समितिको बैठकमा फरक फरक संस्थाबाट बढीमा दुई जना सम्बन्धित बिषयको विज्ञ प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गठन भएको मूल्याङ्कन तथा लिलाम समितिले आफ्नो कार्यविधि आफै नियमित गर्न सक्नेछ ।

७. **मूल्याङ्कन तथा लिलाम समितिले न्यूनतम लिलाम मूल्य कायम गर्ने** : मूल्याङ्कन तथा लिलाम समितिले सामानको न्यूनतम लिलाम मूल्य कायम गर्दा सामानको उपयोगिता, आयु, बांकी रकम, प्रचलित बजार मूल्य र दूर्लभ बस्तु भए सो समेत बिचार गरी न्यूनतम लिलाम मूल्य कायम गर्नु पर्नेछ ।

८. **लिलाम बिक्रीको अख्तियारी** : दफा ७ वमोजिम न्यूनतम लिलाम मूल्य कायम भएपछि सम्वन्धित कार्यालयले देहाय वमोजिमको परल मूल्य भएका सामानहरुको देहाय बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ:–

☛(क) बैंकिङ्ग कार्यालय, मुद्रा व्यवस्थापन विभाग तथा उपत्यका बाहिरका कार्यालयहरुले प्रति सामान परल मुल्य बीस लाख रुपैयासम्म भएको

☛ पहिलो संशोधनद्वारा संशोधित गरिएको ।

सामानको यस निर्देशिकाको अधीनमा रही आफै लिलाम विक्री गर्न सक्नेछ र सोभन्दा बढी प्रति सामान तीस लाख रुपैयासम्म परल मुल्य भएमा लिलाम बिक्रीको लागि सामान्य सेवा विभागको स्वीकृति लिनु पर्नेछ ।

केन्द्रीय कार्यालय अन्तर्गतका अन्य विभाग/ कार्यालयहरुको सामान लिलाम विक्री गर्दा प्रति सामान पच्चीसलाख रुपैयासम्म परल मुल्य भएमा सामान्य सेवा विभाग प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(ख) प्रति सामान तीस लाख रुपैयाा भन्दा बढी पचास लाख रुपैयासम्म परल मुल्य भएमा लिलाम बिक्रीको लागि सम्बन्धित डेपुटी गभर्नर र सो भन्दा बढी परल मुल्य भएका सामानको लिलाम बिक्रीको लागि गभर्नरको स्वीकृति लिनु पर्नेछ ।

(ग) भौतिकरुपमा विभाग/कार्यालयमा रहेको तर परल मुल्य लगायतका अभिलेख/विवरण उपलब्ध नहुने सामाग्री सम्बन्धित विभाग/कार्यालय प्रमुखले समितिको सिफारिस बमोजिम लिलाम बिक्री गर्न सक्नेछ ।

९. **लिलाम बिक्री सम्बन्धी कार्यविधि** : यस निर्देशिका बमोजिम लिलाम बिक्री गर्दा देहायको कार्यविधि अपनाउन सकिनेछ:–

(क) प्रति सामान परल मुल्य बीस लाख रुपैयासम्म भएमा डांक बढाबढको माध्यमद्वारा,

(ख) प्रति सामान परल मुल्य बीस लाख रुपैयांभन्दा बढी भएमा शीलबन्दी बोलपत्रको माध्यमद्वारा ।

तर खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रति सामान परल मुल्य बीस लाखभन्दा घटीको सामान पनि शीलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न सकिनेछ ।

१०. **डाँक बढाबढबाट लिलाम बिक्री गर्ने प्रक्रिया** :(१) डांक बढाबढबाट लिलाम बिक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:–

(क) डांक बढाबढवाट लिलाम बिक्री गर्दा अनुसूची- २(क) बमोजिम सामानको विस्तृत विवरण सहितको सूचना बैंकको वेबसाइटमा राख्नु वा बैंकको सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ र सोको संक्षिप्त सूचना कम्तीमा पन्द्र दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकमा घटीमा एक पटक प्रकाशित गर्नु पर्नेछ ।

---

पहिलो संशोधनद्वारा थप गरिएको ।
पहिलो संशोधनद्वारा संशोधित ।

(ख) डांक बढाबढबाट लिलाम बिक्री गरिने सामानहरुको सूची समूहमा उल्लेख भए अनुसार बेग्ला बेग्लै स्पष्ट चिनिने र गन्ती गर्न सकिने गरी राख्नु पर्नेछ ।

(ग) डांक बढाबढबाट लिलाम बिक्री सम्बन्धी कार्य सूचनामा उल्लिखित स्थान र समयमा सम्वन्धित मूल्याङ्कन तथा लिलाम समितिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) डांकको प्रथम बोल न्यूनतम मूल्याङ्कित रकम भन्दा बढी रकमबाट शुरु गर्नु पर्नेछ ।

☛(ङ) डांक कबोल्ने प्रत्येक व्यक्ति/संस्थाबाट प्रथम तथा प्रत्येक बोलको दश प्रतिशतले हुन आउने नगद तुरुन्तै धरौटीको रुपमा लिनु पर्नेछ ।

☛(च) डांक बढाबढको लागि तोकिएको समय सकिने बित्तिकै अधिकतम् डांक कबोल गर्ने व्यक्ति/संस्थाले कबोल गरेको मुल्यलाई सबैले सुन्ने गरी सो अधिकतम् मूल्य कायम भएको घोषणा गर्नु पर्नेछ र निजले कबोल गरेको अन्तिम मुल्यको दश प्रतिशत बरावर नपुग हुने रकम थप नगद धरौटी लिनु पर्नेछ ।

☛(२) अधिकतम् मुल्य डांक कबोल्ने व्यक्ति/संस्थासंग सम्झौता गर्नु अघि, निजले कवोल गरेको रकमको दफा १० (च) मा उल्लेख गरेको बाहेक थप दश प्रतिशत बराबरको रकम धरौटीस्वरुप लिनु पर्नेछ ।

☛(३) अधिकतम् मूल्यमा डांक कबोल गर्ने व्यक्ति/संस्थाले सम्झौता भएको मितिले बढीमा पन्ध्र दिनको म्याद भित्र सामान लानु पर्नेछ । कथंकदाचित उक्त म्याद भित्र कबोल गर्ने व्यक्ति/संस्थाबाट मानवीय वा प्राकृतिक प्रकोप परी काबु बाहिरको परिस्थितिका कारण सामान लैजान नसकी म्याद थपको लागि निवेदन पेश हुन आएमा र सो कारण मनासिव लागेको अवस्थामा बढीमा सात दिनको समय थप्न सकिनेछ । सो अवधिमा पनि सामान नउठाएमा पुन: म्याद थपको निवेदन पेश हुन आएमा पहिलो पांच दिनको लागि कबोल रकमको पांच प्रतिशतका दरले र त्यसपछिको दश दिनका लागि दश प्रतिशतका दरले हुन आउने रकम हर्जाना स्वरुप असुल गरी म्याद थप गर्न सकिनेछ ।

☛(४) सम्झौता बमोजिम तोकिएको म्यादभित्र सामान उठाई नलगेमा बीस प्रतिशत धरौटी रकम जफत गरी दोश्रो अधिकतम् मूल्य कबोल गर्ने व्यक्ति/संस्थालाई सामान उठाउनको लागि पत्राचार गर्न सकिनेछ र

☛ पहिलो संशोधनद्वारा संशोधित गरिएको ।

कबोल गरेको रकम जम्मा गर्न लगाई बढीमा दस दिनभित्र सामान उठाई लाने शर्त राखी निजसंग सम्झौता गर्नु पर्नेछ ।

✐(५) सम्झौतामा तोकिएको अवधि भित्र पनि क्रमश: प्रथम तीन अधिकतम् मूल्य डाक वा सिलबन्दी बोलपत्र कबोल गर्ने कवोलकर्ताले सामान नलगे वा सम्पूर्ण रकम चुक्ता गरे पश्चात पनि सामान नलगेको अवस्थामा दाखिला भएको सम्पूर्ण रकम स्वत: जफत हुने व्यहोरा सम्झौता पत्रमा समावेश गर्नुपर्नेछ ।

११. **शीलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने:** (१) शीलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) शीलबन्दी बोलपत्र माग गर्दा अनुसूची- २(ख) बमोजिम लिलाम बिक्री गरिने सामानहरुको विवरण र न्यूनतम मूल्य खुलाई बैंकको वेबसाइटमा राख्नु पर्नेछ र राष्ट्रियस्तरको दैनिक पत्रिकामा घटिमा एक पटक संक्षिप्त सूचना घटीमा पन्द्र दिनको म्याद दिई प्रकाशन गर्नु पर्नेछ ।

(ख) बोलपत्र फाराम तथा शर्तहरु बैंकको अधिकृतबाट प्रमाणित गरी बिक्री गर्नु पर्नेछ । बोलपत्र फारामको नमूना अनुसूची- ५(क) मा र बोलपत्र सम्वन्धी शर्तहरु अनुसूची- ५(ख) मा उल्लेख भए बमोजिम हुनेछ । सो नमूनालाई आधार मानी बैंकले बोलपत्र फाराम तयार गरी समितिले निर्धारण गरेको न्यूनतम् लिलाम मूल्यको आधारमा देहाय बमोजिम दस्तुर निर्धारण गर्नु पर्नेछ :–

(१) पांचलाख रुपैयासम्म पांच सय,
(२) पांचलाख भन्दाबढी दशलाख रुपैयांसम्म सात सय,
(३) दशलाख भन्दाबढी वीसलाख रुपैयांसम्म एक हजार,
(४) वीसलाख भन्दाबढी पचास लाखसम्म एक हजार पांच सय, र
(५) पचास लाख भन्दा बढी जतिसुकै भए पनि दुई हजार ।

(ग) बोलपत्र फाराम बिक्रीबाट प्राप्त रकम प्राप्त भएको दिनको भोलिपल्टै बैंकको आम्दानी हिसाबमा जम्मा गर्नु पर्नेछ ।

(घ) बोलपत्रको गणपुरक संख्या कम्तीमा तीन हुनेछ । तीन भन्दा घटी बोलपत्र प्राप्त भएमा पहिले प्राप्त भएका बोलपत्रलाई मान्यता दिने वा रद्द गर्ने भन्ने व्यहोरा उल्लेख गरी पून: बोलपत्र माग गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम पुन: बोलपत्र माग गर्दा शुरुमा दिइएको म्याद दिनु पर्ने छैन ।
तर त्यस्तो सूचना प्रकाशन गर्दा घटीमा पहिले दिइएको म्यादको आधा म्याद दिनु पर्नेछ ।

---

✐ पहिलो संशोधनद्वारा थप गरिएको ।

*(च) दुई पटक लगातार बोलपत्र माग गर्दा पनि आवश्यक संख्यामा बोलपत्र प्राप्त नभएमा सुरुको बोलपत्र वा पुन: बोलपत्रबाट प्राप्त हुन आएका बोलपत्र मध्येबाट वा दरभाउपत्र माग गरी वा सिधै वार्ताद्वारा समितिको सिफारिसमा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भए बमोजिम लिलाम बिक्री गर्न सकिनेछ । यसरी पनि लिलाम बिक्री नभएमा एक पटकको लागि पुनरमुल्याङ्कन गरी पुन:लिलाम प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

*(२) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत भएपछि कवोल रकमको जम्मा बीस प्रतिशत धरौटी रकम सहित सम्झौता गर्न आउन लिखित रुपमा जानकारी गराउनु पर्नेछ । स्वीकृत सकारकर्ताले बांकी रहेको सम्पूर्ण रकम बुझाई बढीमा पन्ध्र दिन भित्र सामान लानुपर्ने लगायतका अन्य शर्तहरु समेत तोकी सम्झौता गर्नु पर्नेछ ।

*(३) उपदफा (२) मा तोकिएको म्यादभित्र कबोल गर्ने व्यक्ति/संस्थाबाट मानवीय वा प्राकृतिक प्रकोप परी कावु बाहिरको परिस्थितिका कारण सामान लैजान नसकी म्याद थपको लागि निवेदन पेश हुन आएमा र सो कारण मनासिव लागेको अवस्थामा सात दिनको समय थप्न सकिनेछ । सो अवधिमा पनि सामान नउठाई पुन: म्याद थपको निवेदन पेश हुन आएमा पहिलो पांच दिनको लागि सकार गरेको रकमको पांच प्रतिशत हर्जाना रकम लिई र त्यसपछि दश प्रतिशत हर्जाना रकम लिई दश दिनको लागि म्याद थप्न सकिनेछ ।

(छ) बोलपत्र खोल्नु अघि शीलबन्दी खामको शीलछाप ठीक भए नभएको हेरी जांची खामको बाहिर सबै बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधि र समितिका उपस्थित सदस्यहरुले दस्तखत गर्नु पर्नेछ । बोलपत्र खोलेपछि सो खाम भित्र पेश गरिएका सम्पूर्ण कागजातहरुमा समेत उपस्थित सबैले दस्तखत गर्नु पर्नेछ ।

(ज) बोलपत्र खोलेपछि सबैभन्दा पहिले प्राप्त बोलपत्रहरु सूचना बमोजिम रीतपूर्वक भए नभएको यकिन गरी त्यस्ता बोलपत्रहरुमा कुनै कैफियत भए त्यस्तो कैफियत उल्लेख गरेर मुचुल्का खडा गरी उपस्थित सबैको दस्तखत गर्नु गराउनु पर्नेछ ।

तर कुनै बोलपत्रदाताको दस्तखत नभएमा पनि बोलपत्रको सम्बन्धमा निर्णय गर्न वाधा पर्नेछैन ।

(२) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत भएपछि दश प्रतिशत धरौटी रकम सहित सम्झौता गर्न आउन निजलाई लिखित रुपमा जानकारी गराउनु

---

* पहिलो संशोधनद्वारा संशोधित ।

पर्नेछ । स्वीकृत बोलपत्रदाताले रकम बुझाई सामान लानु पर्ने म्याद र अन्य शर्तहरु समेत तोकी सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा तोकिएको म्यादभित्र सामान लैजान नसक्ने भै म्याद थप माग्न आएमा सकार गरेको रकमको तीन प्रतिशत हर्जाना रकम लिई पांच दिनसम्म र त्यसपछि पांच प्रतिशत हर्जाना रकम लिई दश दिनसम्मको म्याद थप गर्न सकिनेछ ।

(४) उपदफा (३) को म्यादभित्र सामान उठाउन नआएमा धरौटी रकम जफत गरी दोश्रो स्थानमा रहेको बोलपत्रदातालाई आमन्त्रण गरी सम्झौता गर्न सकिनेछ ।

(५) डांक बढाबढ गर्दा डांक कबोल गर्ने वा बोलपत्र आव्हान गर्दा स्वीकृत बोलपत्रदातासंग अनुसूची-६ बमोजिमको ढांचामा सम्झौता गर्नु पर्नेछ ।

✎(६) सम्झौतामा तोकिएको अवधिभित्र पनि क्रमश: प्रथम तीन अधिकतम् मुल्य सकार गर्ने कवोलकर्ताले सामान नलगे वा सम्पुर्ण रकम चुक्ता गरे पश्चात पनि सामान नलगेको अवस्थामा बैंकले सम्पुर्ण प्रक्रिया रद्द गरी दाखिला भएका रकम जफत गरी सामानको उपयुक्त व्यवस्थापनको लागि आवश्यक निर्णय गर्न सक्नेछ ।

**✎११(क) नयाँ लिने पुरानो दिने (बाई व्याक मेथड) विधिबाट लिलामी तथा खरिद एकैपटक गर्ने कार्यविधि :**

(१) बैंकले आफनो स्वामित्वमा रहेको कुनै सवारी साधन, औजार, मेशिनरी उपकरण, यन्त्र, रसायन वा अन्य यस्तै प्रकृतिका अन्य मालसामानहरूको लिलाम गर्न उपयुक्त नहुने अवस्था भएमा त्यस्तो अवस्थाको यकिन गरी पुरानो मालसामान सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेता वा अन्य आपुर्तिकर्तालाई फिर्ता दिई सोही प्रकृतिको नयाँ मालसामान सोही उत्पादक वा आधिकारिक बिक्रेता वा अन्य आपुर्तिकर्ताबाट सट्टापट्टा गरी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सट्टापट्टा गर्दा त्यस्तो मालसामानको उत्पादक वा आधिकारिक बिक्रेता वा आपुर्तिकर्तासंग पुरानो मालसामानको मुल्याङ्कन प्रस्ताव लिई नयाँ मालसामानको निर्धारित बिक्री मुल्यमा पुरानो मालसामानको मुल्याङ्कित रकम कट्टा गरी खरिद सम्झौता गरी खरिद गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खरिद सम्झौता गर्दा खरिद हुने नयां मालसामानको जीवन चक्र पश्चात यस विधि प्रयोग गरी पुन: सट्टापट्टा गर्न सकिने वा नसकिने कुरा खुलाउनु पर्नेछ ।

---

✎ पहिलो संशोधनद्वारा थप गरिएको ।

(४) यस बैंकले उपदफा (१) बमोजिम खरिद गर्दा पुरानो मालसामान र बजारमा उपलब्ध नयां मालसामानको सूची तयार गरी नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को व्यवस्था अनुरुप खरिद गर्नु पर्नेछ ।

(५) खरिद गरिने नयां मालसामान मान्यताप्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनु पर्नेछ ।

१२. **धरौटी फिर्ता:** बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने प्रकृयामा अन्तिम निर्णय भएपछि पहिलो, दोश्रो र तेश्रो बढी मोल कबोल गर्ने बोलपत्रदाता बाहेक सबैको धरौटी फिर्ता गर्नु पर्नेछ । सामान लैजाने आदेश पाएको बोलपत्रदाताले सम्पूर्ण रकम दाखिला गरेपछि मात्र दोश्रो र तेश्रो बढी मोल कबोल गर्ने बोलपत्रदातालाई धरौटी रकम फिर्ता गर्नु पर्नेछ । बोलपत्रको कारवाही रद्द भएमा वा रीत नपुगेको बोलपत्र पेश भएको कारणबाट बोलपत्र रद्द भएमा सबैको धरौटी फिर्ता गर्नु पर्नेछ ।

१३. **नामसारी तथा दर्ता खारेज गर्ने:** (१) यस निर्देशिका बमोजिम लिलाम बिक्री गरिएको मालसामानको नामसारी गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम नामसारीको लागि र नामसारी गर्न नमिल्ने भएमा दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(२) यस निर्देशिका बमोजिम कुनै मालसामान लिलाम बिक्री हुन नसेकमा र त्यस्तो मालसामान बैंकको नाममा दर्ता कायम रही रहँदा बैंकको प्रयोगमा समेत आउन नसक्ने भई बैंकलाई हानी नोक्सानी हुने देखिएमा समितिको सिफारिसमा अधिकार प्राप्त अधिकारीले दर्ता खारेजीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

[*]१४. **लिलाम बिक्रीबाट प्राप्त रकम:** लिलाम बिक्रीबाट प्राप्त रकम बैंकको प्रचलित लेखा सम्बन्धी निर्देशिका बमोजिम सम्बन्धित आम्दानी हिसाबमा जम्मा गर्नु पर्नेछ । यसरी आम्दानी हिसाबमा जम्मा गर्दा लिलाम बिक्रीबाट प्राप्त रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर निर्धारण गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

[**]**१४(क)** यस बैंकलाई आपुर्ति गरिएका मालसामान निरीक्षण वा परीक्षण गर्दा त्यस्तो मालसामानको नमुना र विशिष्टता सिलबन्दी गरी राखेको भए त्यस्तो नमुना र विशिष्टता बमोजिम जांच गर्नु पर्नेछ । त्यसरी जांच गर्दा त्यस्तो नमुना, स्पेसिफेकेशन र विशिष्टता अनूरुप नभएका मालसामान आपुर्तिकर्तालाई नै फिर्ता गर्नु पर्नेछ । अस्वीकृत मालसामान आपुर्तिकर्ताले तत्काल फिर्ता नलगे खरिद सम्झौतामा तोकिएको समयावधि भित्र त्यस्तो मालसामान उठाई फिर्ता लैजान र सोको सट्टा स्पेसिफिकेशन बमोजिमको सामान आपुर्ति गर्न आपुर्तिकर्तालाई लिखित जानकारी दिनुपर्नेछ ।

---

[*] पहिलो संशोधनद्वारा संशोधित ।

[**] पहिलो संशोधनद्वारा थप गरिएको ।

सुचनाको अवधिभित्र आपुर्तिकर्ताले मालसामान बुझ्लिन अस्वीकार गरेमा वा तोकिएको समयावधिभित्र उठाई नलगेमा त्यस्तो मालसामान तोकिएको समयावधिभित्र लिलाम बिक्री गरी सो मालसामान भण्डारण गर्न लागेको खर्च र त्यस सम्बन्धी अन्य खर्चहरु, बााकी रहेको पेश्की रकम, पुर्व निर्धारित क्षतिपुर्ति र निजले राष्ट्र बैंकलाई तिर्नु पर्ने अन्य कूनै रकम भए सो रकम समेत लिलाम बिक्री मुल्यबाट कट्टा गरी बााकी रहेको रकम आपुर्तिकर्तालाई फिर्ता गर्नू पर्नेछ । यी मालसामानको लिलामी सम्बन्धी प्रकृया, मापदण्ड र कार्यविधि समितिले निर्धारण गर्नेछ ।

१५. **यसमा उल्लेख नभएका कुराहरु बैंकले गरेको अन्य व्यवस्था अनुसार हुने**: यस निर्देशिकामा उल्लेख भएका कुराहरु मात्र यस निर्देशिका बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम बैंकले गरेको अन्य व्यवस्था अनुसार हुनेछ ।

१६. **बाधा अडकाउ फुकाउने अधिकार :** यस निर्देशिका बमोजिम लिलाम बिक्री सम्वन्धी काम कारवाही गर्दा कुनै किसिमको बाधा अड्काउ परेमा समितिले आफ्नो रायसहित नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) बमोजिमको मूल्याङ्कन समितिमा पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको विषयमा मूल्याङ्कन समितिले आफ्नो राय ठहर सहित गभर्नर समक्ष सिफारीस गर्नु पर्नेछ र गभर्नरले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. **खारेजी र बचाउ**: (१) नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६१ खारेज गरिएको छ ।

(२) नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६१ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

---

पहिलो संशोधनद्वारा संशोधित ।

**अनुसूची-१ (क)**

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**नेपाल राष्ट्र बैंक**

**........... विभाग/कार्यालय**

**................ फाँट/शाखा**

**कोठा नं .....**

**<u>भौतिक परीक्षण फारम</u>**

| क.सं. | कोड नं. | शीर्षक | सामानको नाम | थान | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | काम लाग्ने | काम नलाग्ने | कुल जम्मा | |
| | | | | | | | |

..................................

**सहायक**

...........................

**फाँट प्रमुख**

**द्रष्टव्य:** यो फाराममा प्रत्येक फांटले आफूसंग रहेको सम्पूर्ण सामानहरुको विवरण तयार पारी प्रशासन फांटमा बुझाउनु पर्नेछ ।

**अनुसूची- १ (ख)**
(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**नेपाल राष्ट्र बैंक**
**........... विभाग/कार्यालय**
**................. फाँट/शाखा**

**<u>भौतिक परीक्षण फारम</u>**

**शीर्षकको नामः काम लाग्ने सामानको विवरण :**

| कसं | कोड नं. | मालसामानको नाम | संख्या (कोठा अनुसार) | | | | | | | | | | जम्मा थान | लगत वमोजिमको संख्या | घटबढ संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | | | |
| | | | | | | | | | | | | | | | | |

.............. स्टोर प्रमुख

.............. प्रमुख प्रशासन फांट

.............. मुख्य व्यवस्थापक/निर्देशक

.............. कार्यकारी निर्देशक

---

**<u>द्रष्टव्यः</u>**
१) अनुसूची-१ (क) बमोजिमको विवरण प्राप्त भएपछि एकीकरण गरी लगतसंग भिडाउनु पर्नेछ ।
२) यो फाराम सम्पत्ति अन्तर्गतका उपशीर्षकहरु, फुटकर फर्निचर तथा फुटकर अन्यको लागि बेग्ला बेग्लै तयार पार्नु पर्नेछ ।
३) कार्यालय कोठा संख्या आवश्यकता अनुसार थप गर्न सकिने छ ।

## अनुसूची - १ (ग)
(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

## नेपाल राष्ट्र बैंक
## ........... विभाग/कार्यालय
## ................. फाँट/शाखा
## भौतिक परीक्षण फारम

**शीर्षकको नाम: काम नलाग्ने सामानको विवरण**

| कसं | कोड नं. | मालसामानको नाम | संख्या (कोठा अनुसार) | | | | | | | | | | जम्मा थान | लगत वमोजिमको संख्या | घटबढ संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | | | |
| | | | | | | | | | | | | | | | | |

.............. स्टोर प्रमुख

.............. प्रमुख प्रशासन फाँट

.............. मुख्य व्यवस्थापक/निर्देशक

.............. कार्यकारी निर्देशक

...................................................................................................................................................

**द्रष्टव्य:**

(१) अनुसूची-१ (क) बमोजिमको विवरण प्राप्त भएपछि एकीकरण गरी लगतसंग भिडाउनु पर्नेछ ।

(२) यो फाराम सम्पत्ति अन्तर्गतका उपशीर्षकहरु, फुटकर फर्निचर तथा फुटकर अन्यको लागि बेग्ला बेग्लै तयार पार्नु पर्नेछ ।

(३) कार्यालय कोठा संख्या आवश्यकता अनुसार थप गर्न सकिने छ ।

## अनुसूची - २
(दफा १० को उपदफा (१) को खण्ड (क) संग सम्बन्धित)

## नेपाल राष्ट्र बैंक
### ........... विभाग/कार्यालय
### सामान लिलामको सूचना

(डांक बढाबढको लागि )

प्रथम पटक प्रकाशित मिति: .......................

यस कार्यालयका देहाय बमोजिमका सामान, पुराना फर्निचर/कार्यालय सामान/सवारी साधनहरु आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुलाई लिलाम बढाबढमा भाग लिन आह्वान गरिएको छ ।

| लिलाम हुने सामान | ब्राण्ड | स्पेशिफिकेशन | संख्या | न्यूनतम मूल्य प्रति गोटा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(१) लिलाम बढाबढ हुने स्थान, समय र मिति:
(क) स्थान ............
(ख) समय ...............
(ग) मिति ...............

(२) बढाबढको थालनी न्यूनतम मूल्यबाट शुरु हुनेछ ।

(३) लिलाममा सहभागी हुन प्रथम डांक कबोल मूल्यको न्यूनतम मूल्यको पांच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप राख्नु पर्नेछ ।

(४) लिलाम सकार गरेका सामानको अन्तिम कबोल मूल्यको पांच प्रतिशत बरावर नपुग हुने रकम थप धरौटी राख्नु पर्नेछ । लिलाम स्वीकृत गरेको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ ।

(५) लिलाम बढाबढ हुने सामान हेर्न बुझ्न चाहनेले कार्यालय समय ... बजे देखि... बजेसम्म ..... मा सम्पर्क गरी हेर्न सकिनेछ ।

(६) अन्य आवश्यक कुराहरु ।

..............................................................................................................................................

**<u>द्रष्टव्य:</u>** सामानको विवरण: यहां सबै लिलाम हुने सामानको नाम, ब्राण्ड, संक्षिप्त स्पेशिफिकेशन र न्यूनतम मूल्य खुलाउनु पर्नेछ । तर ब्राण्ड र स्पेशिफिकेशन खुलाउन नसकिने फर्निचर लगायतका सामानहरुको संख्या र प्रति गोटा मूल्य मात्र उल्लेख गरे पुग्नेछ ।

**अनुसूची - ३**

( दफा १० को उपदफा (१) को खण्ड (छ) संग सम्बन्धित )

**नेपाल राष्ट्र बैंक**

**........... विभाग/कार्यालय**

**डाँक बढाबढको मुचुल्का**

मिति .................. समय ......... देखि ........... सम्म ......................... स्थानमा ................. सामानको डाँक बढाबढ गर्दा सबैभन्दा बढी रु.............. (अक्षरेपी रु.........................................) को श्री ............................ ले अन्तिम डांक कबोल गरेको व्यहोरा प्रमाणित गरी यो मुचुल्का तयार गरिएको छ ।

**रोहवर साक्षी:**

१...................

२...................

३...................

४..................

..........................................

अन्तिम बोलकबोल गर्नेको दस्तखत

**कार्यालय प्रतिनिधि**

१..................

२.................

३.................

४................

**अनुसूची - ४**

( दफा ११ को उपदफा (१) को खण्ड (क) संग सम्बन्धित )

**नेपाल राष्ट्र बैंक**

**.......... विभाग/कार्यालय**

**<u>सामान लिलामको सूचना</u>**

(शिलवन्दी बोलपत्रको लागि)

प्रथम पटक प्रकाशित मिति: .......................

यस कार्यालयका देहाय बमोजिमका सामान, पुराना फर्निचर, कार्यालय सामान, सवारी साधनहरु आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ...... दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| लिलाम हुने मालसामान | ब्राण्ड | स्पेशिफिकेशन | संख्या | न्यूनतम मूल्य प्रति गोटा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:

(क) स्थान ..............
(ख) समय ...........

(ग) मिति ..............

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको ............. मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु...... (फिर्ता नहुने गरी) बुझाई यस बैंकको विभाग/कार्यालयबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय ... बजे देखि... बजेसम्म ..... हेर्न आउन ..........विभाग .............. कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थाई लेखा नंवर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) अन्य आवश्यक कुराहरु ।

.............................................................................................................................................

**<u>द्रष्टव्य:</u>** सामानको विवरण: यहां सबै लिलाम हुने सामानको नाम, ब्राण्ड, संक्षिप्त स्पेशिफिकेशन, न्यूनतम मूल्य खुलाउनु पर्नेछ । ब्राण्ड र स्पेशिफिकेशन खुलाउन नसकिने फर्निचर लगायतका सामानहरुको संख्या र प्रति गोटा मूल्य मात्र उल्लेख गरे पुग्नेछ ।

**अनुसूची – ५ (क)**

( दफा ११ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित )

**बोलपत्र फारामको नमूना**

**नेपाल राष्ट्र बैंक**

**........... विभाग/कार्यालय**

**<u>सामान लिलामको बोलपत्र फाराम</u>**

(क) बोलपत्र पेश गर्ने अन्तिम मिति र स्थान .............

(ख) बोलपत्र खोल्ने मिति, समय र स्थान ...................

| | |
|---|---|
| ...................... | ................................................ |
| बैंकको छाप | प्रमाणित गर्ने बैंकको अधिकृतको सही |

बोलपत्रदाताले भर्ने

| समूह | मालसामानको विवरण | परिमाण | कबुल गरेको मोल |
|---|---|---|---|
| (क) | | | अङ्कमा रु.<br>अक्षरमा रु. |
| (ख) | | | अङ्कमा रु.<br>अक्षरमा रु. |

१. कबोल गरेको कूल रकम :अङ्कमा रु.
अक्षरमा रु.

२. पांच प्रतिशत धरौटी बापत दाखिला गरेको संलग्न भौचर थान ....... बाट हुने कूल रु...........

३. संलग्न बोलपत्र सम्बन्धी सबै शर्तहरु अध्ययन तथा स्वीकार गरी यो बोलपत्र भरी पेश गरेको छु ।

**<u>बोलपत्र फाराम पेश गर्नेको:</u>**

दस्तखत:

पूरा नाम:

सम्पर्क ठेगाना:

फोन नं:

फ्याक्स नं.:

इमेल:

....................................

**फर्म/कम्पनी भए सोको छाप**

## अनुसूची – ५ (ख)

(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**बोलपत्र सम्वन्धी शर्तहरु:**

१. बैंकका अधिकृतले प्रमाणित गरी तोकिएको मोलमा बिक्री गरिएको सक्कल बोलपत्र फाराममा बोलपत्र भरिएको हुनु पर्नेछ । प्रतिलिपि वा फोटोकपिमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन ।

[*]२. बोलपत्रदाताले अनुसूची ५ (क) मा उल्लिखित ढांचामा दर (रेट) अङ्क र अक्षरमा स्पष्ट लेख्नुको साथै कवोल गरेको कूल रकम समेत अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ । कुल रकममा अङ्क र अक्षर नलेखिएको बोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ, सच्याउनु परेमा अङ्क र अक्षर खुर्कनु, मेट्नु हुदैन । सच्याइएकोलाई अङ्क र अक्षर पढ्न सकिने गरी केरी थप्नु पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो लेखी थप तथा केरमेटमा समेत अरु अङ्क र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गर्नु पर्नेछ । सो बमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. आफूले कबोल गरेको कूल मोलको न्यूनतम पांच प्रतिशत धरौटी रकम नेपाल राष्ट्र बैंक, ...... स्थित .......... नं को खातामा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले तीस दिन मान्य अवधि रहेको बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ सँलग्न गर्नु पर्नेछ । धरौटी रकम बैंक दाखिला नगरी नगदै दाखिला गर्ने बोलपत्रलाई मान्यता दिइने छैन ।

४. बोलपत्र राखिएको खामको बाहिर शीरमा ....... सामानको लिलाम सम्वन्धी शीलबन्दी बोलपत्र लेखी विभाग वा कार्यालय प्रमुख, नेपाल राष्ट्र बैंक ............. कार्यालयलाई सम्वोधन गरिएको हुनु पर्नेछ ।

५. बोलपत्र खोलिने दिन बिदा पर्न गएमा सो पछिको कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।

६. प्राप्त भएका शीलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ ।
तर बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

७. सामान उठाउन आदेश पाएको बोलपत्रदाताले आफूले कबोल गरेको रकम मध्ये दश प्रतिशत धरौटी बापत दाखिला गरेको रकम कटाई बांकी हुन आउने रकम दाखिला गरी आफूले सकार गरेका सामानहरु तोकिएको म्यादभित्र उठाउनु पर्नेछ । तोकिएको म्यादमा सामान उठाई नलगेमा निजले धरौटी बापत दाखिला गरेको रकम जफत गरी अर्को बोलपत्रदातालाई सामान उठाई लाने आदेश दिन सकिनेछ ।

[*]८. सामान उठाई लांदा लाग्ने ढुवानी, प्रशासनिक तथा अन्य सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. तोकिएको म्यादभित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१०. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन बैंक बाध्य हुने छैन ।

११. अन्य आवश्यक कुराहरु ।

---

[*] पहिलो संशोधनद्वारा संशोधित ।

# अनुसूची - ६

(दफा ११ को उपदफा (५) संग सम्बन्धित)

**नेपाल राष्ट्र बैंक**

**........... विभाग/कार्यालय**

**<u>सम्झौतापत्रको नमूना</u>**

**.....विभाग/कार्यालय र डांक कबोल गर्ने..... वा स्वीकृत बोलपत्रदाता...... बीच भएको**

**<u>सम्झौतापत्र</u>**

................. (नाम), कार्यालय यस पछि "कार्यालय" भनिएको र (डांक कबोल गर्ने वा वोलपत्रदाताको नाम, ठेगाना) यसपछि "लिलाम खरिदकर्ता" भनिएको बीच मिति ....... मा भएको लिलाम बढाबढको कारवाहीको परिणाम स्वरुप वा स्वीकृत भएको बोलपत्रको आधारमा देहायका शर्तहरु एक अर्काले पालन गर्ने गरी यो सम्झौतापत्र गरिएको छ ।

**<u>शर्तहरु:</u>**

[☛](१) लिलाम बिक्री गर्ने निर्णय गरिएका सामानहरुको रु..................... धरौटी कटाई बांकी रहेको रु .................... खाता नं. .................... मा जम्मा गरेको सक्कल भौचर ........... दिनभित्र कार्यालयमा बुझाई .............. दिनभित्र सामान बुझी लैजानु पर्नेछ ।

(२) शर्त नं. १ बमोजिमको अवधिभित्र दाखिला गर्नु पर्ने रकम दाखिला गरी सामान नलगेमा धरौटी रकम जफत गरी अरुलाई बिक्री गर्न सकिनेछ ।

(३) यस सम्झौतामा तोकिएको म्यादभित्र सामान लैजान नसक्ने भै म्याद थपको लागि लिलाम खरिदकर्ताले निवेदन पेश गरेमा कबोल रकमको पहिलो पांच दिनको लागि तीन प्रतिशतका दरले र त्यसपछिको दश दिनकालागि पांच प्रतिशतका दरले हुन आउने हर्जाना रकम असूल गरी म्याद थप गर्न सक्नेछ ।

(४) तोकिएको अवधिभित्र कार्यालय समयमा सामान लिन आउंदा कार्यालयले उक्त सामान यथाशिघ्र उठाउन दिनु पर्नेछ ।

(५) सामान लैजांदा लाग्ने ढुवानी तथा अन्य खर्चहरु सामान लैजाने लिलाम खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ ।

[✎]५(क) यो सम्झौता हस्ताक्षर भएको मितिबाट लागू हुनेछ ।

(६) अन्य आवश्यक कुराहरु ।

| **<u>लिलाम खरिदकर्ताको तर्फबाट :</u>** | **<u>कार्यालयको तर्फबाट:</u>** |
|---|---|
| <u>दस्तखत</u>...................... | <u>दस्तखत</u>........................ |
| नाम............. | नाम........................ |

---

☛ पहिलो संशोधनद्वारा संशोधित ।

✎ पहिलो संशोधनद्वारा थप गरिएको ।

**साक्षी** :लिलाम खरिदकर्ताको तर्फबाट:
१ ......................
२ .....................

**साक्षी** :कार्यालयको तर्फबाट:
१ ........................
२ ........................

ईतिसम्वत २० ....साल..........महिना....... गते रोज ...... शुभम् ..................................

# नेपाल राष्ट्र बैंक
# लिलाम सम्बन्धी निर्देशिका, २०६५

नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
कानून महाशाखा
२०६५